SY Panel Nepal Limited

Regd : 292826/078/079
VAT No. 605930607

Subidhanagar, KTM
01 4111704
synepal34@gmail.com

च.नं. 73-082/083

मिति : २०८२/०९/०८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरबार, काठमाण्डौं ।

विषय : कम्पनीको चौथो वार्षिक साधारण सभा बस्ने तथा शेयर दाखिल खारेज दर्ता बन्द गर्ने बारेको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/०९/०८ मा बसेको सञ्चालक समितिको निर्णय बमोजिम यस कम्पनीको चौथो बार्षिक साधारण सभा मिति २०८२/०९/३० गते बिहानको १०: ०० बजे चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ निप्पनी स्थित होटेल स्टारमा बोलाईएको र साधारण सभा बस्ने सम्बन्धी सूचना मिति २०८२/०९/०९ को नेपाल समाचारपत्र दैनिकमा प्रकाशन गरिने साथै उक्त साधारण सभाको प्रयोजनको लागि मिति २०८२/०९/१८ गते १ दिनको लागि शेयर दाखिला खारेज बन्द गरिने व्यहोरा समेत अनुरोध गर्दछौं ।

सहयोगको लागि धन्यबाद

भवदीय,

SY Panel Nepal Limited

गार्गी श्रेष्ठ
कम्पनी सचिव

**संग्लन**

१. चौथो साधारण सभा सम्बन्धी सूचना ।

एसवाई प्यानल नेपाल .लि. को
मिति २०८२/०९/०८ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय उतार

१. **कम्पनीको बार्षिक साधारण सभा वोलाउने बारे ।**

प्रस्ताव नं. १ मा छलफल हुँदा यस एसवाई प्यानल नेपाल लिमिटेडको चौथो बार्षिक साधारण सभा मिति २०८२/०९/३० गते (तद्नुसार १४ जनवरी, २०२६) बुधवार गर्ने तथा सो बैठकमा देहाय बमोजिमका विषयहरू उपर छलफल गर्ने गरी निम्नानुसारको सुचना प्रकाशन गर्ने निणर्य गरियो।

सभा हुने मिति, स्थान र समय :

सभा हुने मिति : २०८२ साल पुस ३० गते, तदनुसार (१४ जनवरी २०२६) बुधबार
सभा शुरू हुने समय : बिहान १० बजे
स्थान : चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. १, निप्पनी स्थीत होटल स्टार

छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावहरू :
- (१) संचालक समितिको तर्फबाट अध्यक्ष ज्युले पेश गर्नुहुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
- (२) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, नाफा-नोक्सान हिसाब सहितको बितिय विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
- (३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
- (४) संचालकहरूको बैठक/भत्ता तथा अन्य पारिश्रमिक/भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।
- (५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
- (६) कम्पनीले सम्भाव्य आयोजनाहरूको छनौट गरि लगानी गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
- (७) संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत भए गरेका कार्यको सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव
- (१) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
- (२) प्रबन्धपत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहानको ९:०० बजेदेखि खुल्ला रहनेछ ।

२. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन र छलफलमा सहभागी हुन पाउने छन् । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन र छलफल गर्न सक्नेछन् । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

SY Panel Nepal Limited

३. सभामा भाग लिन र छलफल गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनीले सभा सुरू हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस कम्पनीको केन्द्रीय कार्यालय, तिनकुने, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र (प्रोक्सी फारम) दर्ता गराई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा सुरू हुन भन्दा २४ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय तिनकुने, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधि (प्रोक्सी) को हकमा दफा ३ र ४ बमोजिम हुनेछ ।

६.एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा दफा ५ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ ।

७.प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि (प्रोक्सी) बदर गरी आफैं सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गरेमा अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

८. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयका सम्बन्धमा सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

९. मिति २०८२/०९/१८ गते १ दिनका लागि शेयर दाखिल खारेज दर्ता बन्द (बुक क्लोज) गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०९/१७ गतेसम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंले प्राप्त गरेको नामसारीको कागजातका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सभामा भाग लिन र छलफल गर्न पाउने छन् ।

१०. आफ्नो परिचयपत्र सहित कम्पनीले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाणपत्र वा कम्पनीको शेयर अभौतिकीकरण गरेको (DEMAT Account No.) प्रमाण प्रस्तुत गरेपछिमात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

११.सञ्चालकहरूको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना कम्पनीको केन्द्रीय कार्यालयमा रहने निर्वाचन अधिकृतको कार्यालयले प्रकाशित गरी सूचना पाटीमा टाँस गर्नेछ ।

१२.सुरक्षाको दृष्टिकोणले सभा स्थलमा प्रवेश गर्दा शेयरधनी महानुभावहरूले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभा स्थलमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१३.सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय तिनकुने, काठमाडौं वा यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन वा कम्पनीको वेबसाइट www.synepal.com मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

निर्णय उतार प्रमाणीत गर्ने,

गार्गी श्रेष्ठ
कम्पनी सचिव
मिति : २०८१/०९/०

SY Panel Nepal Limited